आठराई गाउँसभाका सभाध्यक्षज्यू,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
वडा अध्यक्षज्यूहरू,
कार्यपालिका सदस्यज्यूहरू,
गाउँसभा सदस्यज्यूहरू,
उपस्थित राष्ट्र सेवक कर्मचारीहरू,
विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यू,
सञ्चारकर्मी मित्रहरू, अन्य उपस्थित महानुभावहरू एवं
देश तथा विदेशका विभिन्न स्थानमा रहनु भएका सम्पूर्ण महानुभावहरूमा हार्दिक अभिवादन व्यक्त गर्दछु।

१ यस गरिमामय आठराई गाउँसभामा आज मिति २०८३।०३।१० गते गाउँपालिकाको दोस्रो कार्यकालको चौथो बजेट अधिवेशन (समग्रमा गाउँसभाको १९ औं अधिवेशन) मा आठराई गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव प्रदान गर्नुहुने सम्पुर्ण आठराईबासी आमाबुवा, दाजुभाइ तथा दिदिबहिनी लगायत विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, समाजसेवी, बुद्धिजिवीहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सबलीकरणका क्रममा भएका विभिन्न ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात-अज्ञात शहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

२ सुन्दर, समुन्नत र समृद्ध आठराई गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त आठराई बासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरुप्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरू पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौ। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरूको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय श्रोत र साधनको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध आठराई गाउँपालिका बनाउने लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीमा विकास गरिनेछ।

३ आठराई गाउँपालिकालाई पर्यटन, शिक्षा एवं रोजगारको उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्न, नमूना गाउँपालिकाको रुपमा विकास गर्ने, भूमिहिन सुकुम्बासीहरूको बैज्ञानिक व्यवस्थापन गर्न संघीय सरकार प्रदेश सरकारसँग समन्वय गरी स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनाबद्ध शहरीकरण तथा वस्ती विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिइएको छ।

४ गाउँपालिका भित्रका सवै वडाहरुमा वडा भेलाको आयोजना गरी राय सल्लाह सुझाव, सहमति आदिका आधारमा वडाहरूको सन्तुलित विकासलाई मध्यनजर गर्दै योजनाहरू छनौट भई आए अनुसार सबै योजनाहरूलाई सीमित श्रोत र साधनको बाबजुद सबै योजनाहरुलाई सम्बोधन गर्न नसकिए पनि अधिकांश योजनाहरुमा बजेट विनियोजन गरिने छ । गाउँपालिकाको बजेट, नीति तथा कार्यक्रम तयार गर्दा राज्यका निर्देशक सिद्धान्त, नीतिहरु, राष्ट्रिय योजना आयोगको मार्गदर्शन, नेपाल सरकारको आदेश, अर्थ मन्त्रालयको मार्ग निर्देशन, नेपाल सरकारले प्रकाशनमा ल्याएको सोह्रौं योजना, दीर्घकालिन सोच, दिगो विकासको लक्ष्य, क्षेत्रगत नीतिहरु, प्रादेशिक नीति तथा योजनाहरु , यस गाउँपालिकाको विगतका गाउँ परिषद, गाउँपालिकाको विकास सम्बन्धि अवधारणाहरू आठराई गाउँपालिका भित्रका वुद्धिजीवीहरु, समाजसेवीहरु, उद्योग व्यवसायी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुको सल्लाह, सुझाव आदिका आधारमा यो नीति तथा कार्यक्रमको तय गरिएको छ। यस नीति तथा कार्यक्रम र बजेटले यस गाउँपालिकाले लिएको उद्देश्य पुरा गर्ने दिशा तर्फ अग्रसर रहनेछ भन्ने हामीले पुरा विश्वास लिएका छौं।

५ गाउँपालिकामा विकासका आधारभूत पूर्वाधारहरु खडा गरी व्यवस्थित गर्ने योजनाहरु सुरु भएका तथा केही सम्पन्न हुने अवस्थामा छन । सम्पूर्ण वडामा वर्षभरी सवारी सञ्चालन गर्न सकिने गरी सडक पूर्वाधार, उच्च गतिको फाइबर इन्टरनेट, स्वास्थ्य चौकी एवं सामुदायिक स्वास्थ्य केन्द्र, शिक्षा तथा बजारीकरणको व्यवस्थापन क्रमिक रुपमा हुँदै गइरहेकोमा यसलाई अझ सुधार र समृद्धितर्फ लैजानुपर्ने आवश्यकता छ । यस गाउँपालिकाका जनप्रतिनिधिहरुले गाउँपालिकालाई प्राप्त अधिकारको उचित प्रयोग गरी गाउँपालिकालाई समृद्ध आठराई बनाउन सक्रिय हुनुपर्ने देखिन्छ। यसको निम्ति सबै राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी एवं राष्ट्रसेवक कर्मचारीहरुसँग साथ तथा सहकार्यको अपेक्षा गरिएको छ।

६ आठराई गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय अवस्थालाई अगाडि राखी यसको मार्गचित्र कोर्नु पर्ने देखिन्छ । यस आठराई गाउँपालिकाको स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गरी रोजगारीका अवसरहरु

सृजना गर्दै गरिबी घटाउने र जनताको जीवनस्तरमा सुधार ल्याउनुपर्ने देखिन्छ । बढ्दो बसाइसराई तथा बेरोजगारीको समस्यालाई न्यूनीकरणका निमित्त पनि सीपमूलक तालिमको व्यवस्था गर्नुपर्ने र बेरोजगारी तथा वैदेशिक पलायनलाई रोक्नुपर्ने भएको छ । अब यो जिम्मेवारी पुरा गर्न हामी सवै दृढ संकल्पित हुनुपर्ने बेला आएको छ ।

७ नेपालको संविधानले अंगीकार गरेको राष्ट्र तथा राज्य निर्माणको मार्गमा आठराई गाउँपालिकाले अग्रगामी कदमहरू निरन्तर रुपमा चलायमान पार्ने प्रतिवद्धतालाई आत्मसात गर्दै स्थानीय सरकारको प्रत्याभूत जनस्तर माझ पु-याउने कार्यको आरम्भ गर्दछौं । अबको समयमा सबल, सक्षम र प्रभावकारी स्थानीय तहको अवधारणालाई सार्थकता प्रदान गर्न आफ्नो ठाउँ आफैं बनाऊ भन्ने मूलमन्त्रलाई समेत हृदयङ्गम गर्दै यस आठराई गाउँपालिकाको गरिमामय गाउँ सभाले नवौं पटक नीति तथा कार्यक्रम तय गर्न सफल भएका छौ ।

८ समुन्नत र समृद्ध आठराई गाउँपालिकाको निर्माणको लागि सबै विचार धाराका निर्वाचित जनप्रतिनिधिहरू, विकास साझेदार तथा सरोकारवालाहरू, स्थानीय बुद्धिजीवीहरू, पेशाकर्मी, नागरिक समाज, दबाब समूह, शिक्षक वर्ग, विद्यार्थीहरू, सञ्चारकर्मीहरू, सरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू, अन्तराष्ट्रिय संघ संगठनहरू, श्रमिक वर्ग, व्यवसायी तथा जनसमुदाय एउटै तर विशाल पृष्ठभूमिमा उभिनुको अर्को विकल्प छैन ।

९ गाउँपालिकाको आर्थिक विकासका निमित्त कृषि उत्पादनमा वृद्धि गर्नु पर्ने, पशुजन्य व्यवसाय, लघु उद्योगको प्रवर्द्धन, औधोगिक क्षेत्रको विकास , स्थानीय सीप र साधनबाट संचालित परम्परागत व्यवसायको संरक्षण र विविधिकरण, सहकारी नियमन र उचित व्यवस्थापन, योजनाबद्ध विकास, आधारभूत पूर्वाधारको विकास तथा आम समुदायलाई परिचालन गर्न सकेमा मात्र परिवर्तनमुखी एवं परिणाममुखी विकास सम्भव हुने देखिन्छ। उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने र विकासको प्रक्रियामा सबैको सहभागिताको आवश्यकता देखिन्छ । यी सबै चुनौतीहरु र सम्भावनाहरुको बुद्धिमत्तापूर्ण ढंगबाट समाधान र उपयोग गर्न सरकार, गैरसरकारी संघ संस्था, निजी क्षेत्र एवं स्थानीय समुदायको अग्रसरता, सहयोग, समन्वय, सहभागिता सहमति र समझदारीको आवश्यकता देखिन्छ । आवश्यकता बमोजिम अझै प्रादेशिक तथा सङ्घीय कानूनहरू बनी नसकेको अवस्थाले काम गर्न असहज भएतापनि सङ्घीय तथा प्रदेश सरकारसंग समन्वय गरी काम गर्नु पर्ने अवस्था छ । यस अवस्थामा सामाजिक न्यायमा आधारित विकासका निमित्त जुट्न सबै उद्यमी, व्यवसायी, नागरिक समाज, राजनीतिक दलका प्रमुख तथा पदाधिकारीहरु, सरकारी तथा गैरसरकारी निकायहरु, स्थानीय संघसंस्थाहरु एवं गाउँपालिकावासीहरुमा हार्दिक अनुरोध गर्दछु । यस निमित्त वृहत गुरुयोजना तयार गरी व्यवस्थित र योजनाबद्ध अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजनाहरु निर्माण गरी साझेदारहरुको खोजी गरी विकास निर्माणको काममा अगाडि वढ्न सबैमा अपिल गर्दछु ।

तसर्थ, आठराई गाउँपालिकाले तय गरेको वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनको लागि सबैको आ-आफ्नै ठाउँबाट सद्प्रयासको अपेक्षा राखेको छु ।

आठराई गाउँपालिका, तेह्रथुम

आदरणीय गाउँसभाका सभाध्यक्ष महोदय,

तथा सदस्यज्यूहरू,

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भन्दा पहिले म चालू आ.व. २०८२/०८३ को हालसम्मको प्रमुख उपलब्धिहरूको संक्षिप्त विवरण पेश गर्न चाहन्छु।

१ सङ्घीय तथा कोशी प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई प्राप्त हुने सशर्त, समानीकरण, समपूरक अनुदान एवं राजश्व बाँडफाँटबाट रू ६४ करोड ९८ लाख ०६ हजार ८१६ प्राप्त हुने अनुमान गरिएकोमा जेष्ठ मसान्त सम्म रू ५२ करोड ०२ लाख ०१ हजार ०२१।८८ मात्र प्राप्त भई रू १२ करोड ९६ लाख ०५ हजार ७९५।१२ प्राप्त हुन बाँकी रहेको छ।

२ चालू आ.व. मा कूल आन्तरिक आम्दानी १ करोड ८४ लाख हुने अनुमान गरिएकोमा हाल सम्म गत वर्षको मौज्दात ३८ लाख ५५ हजार ५३८।२९ रहेको छ।

३ चालू खर्च तर्फ रू ४९ करोड ८७ लाख ५५ हजार ७३२ विनियोजन भएकोमा जेष्ठ मसान्त सम्म रु ३० करोड ३६ लाख २२ हजार ७७१।६१ रकम खर्च भइ करिब ६०.८७ प्रतिशत खर्च भएको छ। पुँजीगत तर्फ रु २२ करोड ९५ लाख १७ हजार ४६४ विनियोजन भएकोमा रू ३ करोड २५ लाख १६ हजार ३२३ खर्च भइ करिब १४.१६ प्रतिशत खर्च भएको छ। चालू र पुँजीगत गरी जम्मा ३३ करोड ६१ लाख ३९ हजार ०९४।६१ खर्च भएको छ। यो खर्च कुल रकमको ४६.१५ प्रतिशत हुन आएको छ।

४ गाउँपालिकाको गौरवको आयोजनामा निर्माणाधिन प्रशासनीक भवनको ९० प्रतिशत र १५ शैया अस्पतालको ७० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ।

५ गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली र आवधिक योजना निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

६ सुख्खा ग्रस्त क्षेत्र आठराई गाउँपालिका वडा नं.६ चुहानडाडाको फुङ्सिङमा हिँउदे सिँचाई पोखरी नमुनाको रुपमा निर्माणाधिन रहेको छ। त्यसैगरी चुहानडाडाकै सुख्खाग्रस्त क्षेत्र हातिखर्क मंसारीमा फाक्चुवाखोला -हातिखर्क-मंसारी-थोक्लुङ बहुवर्षीय सिँचाई कुलो निर्माणका लागि ठेक्का सम्झौताको अन्तिम चरणमा रहेको छ। जुन योजनाहरु निर्माण पश्चात उक्त सुख्खाग्रस्त क्षेत्रका किसानहरुमा सिँचाई सुविधामा राहत हुने अपेक्षा गरिएको छ।

७ चालू आ.व. मा विनियोजित बजेटबाट ५७ वटा आयोजनाहरू उपभोक्ता समिति मार्फत सम्झौता भई निर्माण भएको र ठेक्का प्रकृयाबाट १६ वटा आयोजनाहरू सम्झौता भई भुक्तानी हुने प्रक्रियामा रहेका छन्।

८ आठराई गाउँपालिकाले नीति तथा कार्यक्रममा उल्लेख गरेको कोख देखि सोक सम्म कार्यक्रम अन्तर्गत मृतकका परिवारलाई समवेदना तथा काजकिरिया खर्च वितरण कार्यविधि लागू गरि यस गाउँपालिकाका १४० घर लाभान्वित भएका छन्।

९ एम्बुलेन्स सञ्चालन कार्यविधि निर्माण गरी निशुल्क एम्बुलेन्स सञ्चालन मार्फत ४१ जना सुत्केरी महिला, ३५ जना आकस्मिक दुर्घटनाका घाइते, १२ जना ज्येष्ठ नागरिक तथा ३६ अन्य प्रकृतिका विरामी नागरिकहरू गरि जम्मा १२४ जना व्यक्ति एम्बुलेन्स सेवाबाट प्रत्यक्ष लाभान्वित भएका छन्।

१० आठराई गाउँपालिका न्यायिक समितिमा जम्मा ११ उजुरी दर्ता हुन आएको मा ८ वटा फछ्यौट भएको र ३ वटा उजुरी उपर न्यायिक छानबिन जारी रहेका छन्।

११ "अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम" मार्फत अपाङ्गता भएका व्यक्तिहरुका लागि सीप विकास व्यवसाय प्रवर्द्धनका लागि सहयोग कार्यक्रम लगायतका कार्यक्रमहरु सञ्चालन भएका छन।

१२ खेलकुद पूर्वाधार विकासमा वडा नं. २ को झाँक्रिगुफा क्षेत्रमा आठराई गाउँपालिका र सङ्घीय सरकारको सहकार्यमा फुटबल खेलमैदान निर्माणाधिन रहेको छ।

१३ विभिन्न वडामा सञ्चालन भएका वडा गत खेलकुद प्रतियोगिता, ऐतिहासिक मदन मेला २०८३ र दिपावली मेला २०८२ लगायतका मेला तथा कार्यक्रमहरू सञ्चालनमा सहयोग गरिएको छ।

१४ आठराई गाउँपालिको खेल प्रशिक्षक परिचालन कार्यविधि, २०८० बमोजिम गाउँपालिका अन्तर्गतका अधिकांश विद्यालयहरुमा भलिबल तथा फुटबल खेलको प्रशिक्षण निरन्तर भइरहेको छ।

१५ ६० देखि ७० वर्ष उमेर समुहका अन्य सामाजिक सुरक्षामा आवद्ध नभएका एकल पुरुषहरूका लागि रू १ हजारका दरले मासिक सामाजिक सुरक्षा भत्ता वितरण सुरु गरिएको छ। यसबाट ५९ जना एकल पुरुष लाभान्वित भएका छन्।

१६ पशुपन्छीहरुलाई निःशुल्क खोप कार्यक्रम अन्तर्गत बाखालाई ९११४ डोज पिपिआर खोप, गाईभैंसीलाई लम्पि स्किन विरुद्धको २००० डोज खोप, खोरेत विरुद्धको ७००० डोज खोप HSBQ रोग विरुद्धको भ्यागुते र चचरे १००० डोज खोप, बंगुरलाई स्वाइन फिवर रोग विरुद्धको १३३१ डोज खोप लगाइएको छ।

१७ कृषि वालीको लागि कफी तथा चिया खेती विस्तार कार्यक्रम, सुन्तला खेती विस्तार कार्यक्रम सञ्चालन गरिएको छ।

१८ आवश्यक्ता अनुसार निःशुल्क कुकुर वन्ध्याकरण तथा रेविज विरुद्धको खोप सञ्चालन, मासुका लागि पाडा प्रवर्द्धन तथा बाख्रा प्रवर्द्धन कार्यक्रम जस्ता कार्यक्रमहरु सञ्चालन गरिएका छन्।

१९ आठराई गाउँपालिकालाई पूर्णखोपयुक्त पालिका घोषणा गरिएको छ।

२० राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत सङ्घीय सरकारबाट तथा स्थानीय सरकारको सत प्रतिशत साझेदारीमा रू ५९ लाख ४४ हजार रकम बिनियोजन भएकोमा सम्पूर्ण वडाबाट जम्मा ९६६ जना सूचिकृत बेरोजगारहरूमध्ये ८७ जनालाई न्यूनतम रोजगारी प्रदान गरिएको छ।

२१ आन्तरिक रोजगारी प्रवर्द्धनका लागि उद्यमशीलता कार्यक्रममा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई बाख्रापालन तालिम सञ्चालन गरी सो तालिमबाट १५ जना रिटर्नीहरु लाभान्वित भएका छन।

२२ गाउँपालिकाको आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ (प्रथम संशोधन, २०८०) बमोजिम २३ जना दीर्घरोगीहरुलाई उपाचार खर्च रकम प्रदान गरिएको छ।

२३ प्राकृतिक प्रकोप एवं विपद् मार्फत घर टहरा, पशुपन्छी तथा कृषिवाली भएको क्षतिको प्राविधिक मूल्याङ्कनको आधारमा १० जना प्रभावित नागरिकहरुलाई राहत रकम उपलब्ध गराइएको छ।

२४ यस शैक्षिक सत्र २०८२ बाट आठराई गाउँपालिका भित्र सञ्चालित आधारभूत तह (कक्षा १-८ ) र माध्यमिक तह (कक्षा १-१२) का सामुदायिक विद्यालयहरूका कक्षा १ देखि ३ सम्मका विद्यार्थिहरुलाई अंग्रेजी माध्यमबाट पठनपाठन लागु गरिएको छ।

२५ स्थानीय पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक तयार भइ कक्षा ७ मा शैक्षिक वर्ष २०८२ देखि लागू गरिएको छ भने कक्षा ८ को स्थानीय पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक छपाइको कार्य सम्पन्न भई लागु गरिएको छ।

२६ यान्त्रिक उपकरणको प्रयोगबाट आठराई गाउँपालिका भित्र विभिन्न २० स्थानमा सडक ट्र्याक खोल्ने तथा स्तरोन्नती कार्य तथा ४ स्थानमा खेलमैदान निर्माण भएको छ।

२७ दलित, गरिब, सीमान्तकृत, जेष्ठ नागरिक लक्षित कार्यक्रमहरू सञ्चालन भएका छन्।

२८ चालु आ.व. मा ३ वटा नयाँ कार्यविधि निर्माण तथा १ वटा कार्यविधिमा आवश्यकता अनुसार संशोधन गरी लागू गरिएको छ।

२९ आठराई गाउँपालिका वडा नं. १ डाँडागाउँमा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापनाका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश (प्रदेश सहयोग कार्यक्रम) – आठराई गाउँपालिका – फेदाप गाउँपालिका बीच सह - लगानी गर्ने सम्झौता भइ निर्माणाधीन रहेको छ।

३० नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा, भारतीय राजदूतावास र आठराई गाउँपालिकाको सहलगानीमा खाम्लालुङ स्वास्थ्य चौकी भवन निर्माण कार्य भइरहेको, आठराई गाउँपालिका र HPF सँगको साझेदारीमा श्री पोखरी माविको ८ कोठाको भवन निर्माण सम्पन्न भएको छ भने सरस्वती मा.वि. ह्वाकु र त्रिमोहन माध्यमिक विद्यालय संक्रान्तिबजारको विद्यालयको ८ कोठे पक्की भवन निर्माणको अन्तिम चरणमा रहेका छन।

३१ रातो बङ्गलाको ३४ वटा विद्यालयमा वाल कक्षाकोठा सामाग्री खरिद तथा वितरण गरिएको छ।

३२ आठराई गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट एस.ई.ई परीक्षामा प्रथम हुने विद्यार्थिलाई प्रोत्साहन स्वरूप नगद रु २० हजार प्रदान गरिएको छ।

३३ पालिका स्तरीय कक्षा ८ को परीक्षामा प्रथम र द्वितिय हुने विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप नगद क्रमश १५ हजार र १० हजार प्रदान गरिएको छ।

३४ संघीय सरकारद्वारा विकास गरी कार्यान्वयनमा ल्याइएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली (Local Government Institutional Capacity Self-Assessment – LG PAS) अन्तर्गत गाउँपालिकाले १०० पूर्णाङ्कमा ३३.१० प्रतिशत अङ्क प्राप्त गरेको छ।

नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपूर्व आठराई गाउँपालिकाले लिने दीर्घकालिन सोच (Vision), लक्ष्य (Goal), उद्देश्य (Objective) बारेमा छोटो भनाइ प्रस्तुत गर्दछु ।

दीर्घकालिन सोच (Vision)

"कृषि पर्यटन र शिक्षाको शान, समृद्ध आठराईको पहिचान"

आठराई गाँउपालिकाको लक्ष्य (Goal)

उपलब्ध स्रोतसाधनहरु तथा प्रविधीको अधिकतम सदुपयोग गरी नागरिक तथा विकास साझेदारहरुसँग सहकार्य गरेर शिक्षा, कृषि, उद्योग र पूर्वाधार सहितको समावेशी समाज निर्माण गरी समृद्ध र नमूना गाउँपालिकाको रुपमा रुपान्तरण गर्ने।

आठराई गाँउपालिकाको उद्धेश्य (Objective)

मुख्य उद्देश्यः उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरण सहितको उच्च आर्थिक वृद्धिदर, द्रुतगतिमा गरिवी न्युनीकरण गर्दै आर्थिक र सामाजिक रुपान्तरण गर्ने ।

आदरणीय गाउँ सभाध्यक्ष महोदय, तथा सभा सदस्यज्यूहरू,

अब म आठराई गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरू निम्न बमोजिम प्रस्तुत गर्दछु ।

(क) नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू,

(ख) संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू,

(ग) संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,

(घ) प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तीय नीतिहरू,

(ङ) स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची,

(च) नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका विभिन्न प्रतिवद्धताहरू,

(छ) स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य स्थानीय तहमा सञ्चालन सम्बन्धी ऐन, नियमावलीका प्रावधानहरू,

(ज) स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरू, योजना तथा अध्ययन प्रतिवेदनहरू,

(झ) विकासका समसामयिक मुद्दाहरू - सहस्राब्दी विकास लक्ष्य, दिगो विकास सम्बन्धी नीति, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्य सम्बन्धित विषयहरू,

(ञ) निर्वाचनको क्रममा जारी गरिएको निर्वाचन घोषणापत्रहरू,

(ट) आठराई गाउँपालिकाले आवश्यक ठानेका विषयहरू,

(ठ) विगत आर्थिक वर्षमा गाउँपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरू ।

उपस्थित गाउँसभा अध्यक्ष तथा सदस्यज्यूहरू,

यस वर्षको नीति तथा कार्यक्रममा आठराई वासीको स्वास्थ्य, तथा शिक्षालाई पहिलो प्राथमिकतामा राखी व्यावसायिक कृषि, खानेपानी, भौतिक पूर्वाधार, सडक सञ्जाल, पर्यटन, संस्कृति तथा रोजगारमूलक क्रियाकलापलाई मुख्य ध्यानमा राखिएको छ।

अब म यस सभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## आर्थिक विकास सम्बन्धी नीति

### (क) उद्योग

१ उद्यमशीलता विकास कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।

२ कृषि तथा पशुजन्य साना तथा घरेलु उद्योगहरू, उत्पादनमुखी अन्य उद्योगहरुको स्थापनाका लागि औद्योगिक क्षेत्र घोषणा गरी लागु गरिनेछ।

३ पशु तथा कृषिजन्य उत्पादनको सङ्कलन केन्द्र निर्माण तथा व्यवस्थापन गरिनेछ।

४ तेह्रथुम बहु-प्राविधिक शिक्षालयसँगको समन्वयमा उद्यमशीलता विकास तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

### (ख) कृषि

१ कृषि उपजहरूको उत्पादन वृद्धिको लागि गुणस्तरीय बीउबिजन, जैविक विषादी तथा मल लगायतका सामग्रीहरूको सहज र सुलभ उपलब्धता को सुनिश्चितता गरिनेछ।

२ कृषिमा व्यवसायिकरण, यान्त्रिकरण र सामूहिक खेतीलाई प्रोत्साहन गरिनेछ।

३ कृषिको आधुनिकीकरण तथा उत्पादन लागत न्यूनीकरण गर्न, स्थानीय कृषि उत्पादनको प्रशोधन तथा मूल्य अभिवृद्धि गर्न, उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सघाउ पुऱ्याउने उद्धेश्यले कृषि व्यवसायको प्रकृति र आवश्यकताको आधारमा कृषकहरुसँगको साझेदारीमा कृषि यान्त्रिक उपकरण तथा कृषि सामाग्रीहरु जस्तैः हाते ट्र्याक्टर, मिनी कुटानी तथा पिसानी मिल, तोरी पेल्ने मिल, स्प्रिङकलर तथा स्प्रेयर, मल्चिङ प्लाष्टिक तथा टनेल र जुस बनाउने मेसिन जस्ता उपकरणहरु अनुदानमा वितरण गरिनेछ।

४ सेरेना जातको मौरी संरक्षण सम्वर्द्धन र प्रर्वद्धन गरिनेछ।

५ तुलनात्मक लाभका वालीहरू तथा फलफूल बालीहरूको उत्पादन तथा उत्पादकत्व वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। सुख्खा क्षेत्रहरूमा तुलनात्मक लाभ हुने जैतुन खेतीका लागि प्रोत्साहन गरिनेछ।

६ आँप, लिची, टिमुर, अलैंची, सुन्तला, कागती, जापानी हलुवावेद, पिकानट ओखर, बुद्धचित्त, एभोकाडो तथा काजु लगायतका उच्च मूल्यका फलफूल तथा नगदेबालीका बिरुवा वितरण गरी व्यावसायिक खेती विस्तार गरिनेछ।

७ प्रत्येक वडामा सम्भावनाका आधारमा एक कृषि पकेट क्षेत्र छनोट गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

८ व्यवसायिक रुपमा च्याउ खेती गर्नका लागि विभिन्न जातका च्याउहरूको बीउ वितरण तथा कृषकहरूलाई च्याउ उत्पादन सम्बन्धी तालिम प्रदान गरिनेछ।

९ कृषि प्रसार सेवालाई सबल चुस्त र प्रभावकारी बनाउन किसान सूचीकरण कार्यक्रम मार्फत किसान परिचय पत्र वितरण गरिनेछ।

१० कृषकहरूको उत्पादन खेतबाट बजारसम्म सहज रूपमा पुऱ्याउन Agriculture e-Market Platform आधारित प्रणाली विकास गर्नका लागि अध्ययन गरिनेछ।

११ रासायनिक विषादी न्यूनीकरण तथा प्राङ्गारिक कृषिमा जोड दिइनेछ।

१२ स्थानीय /रैथाने बालीको उत्पादकत्व वृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१३ कृषि विकासको लागि निजी फर्म, समुह र सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

१४ बालीहरूमा लाग्ने रोगको परीक्षणका लागि कृषि प्रयोगशाला सञ्चालन गरी नियमित रुपमा सेवा प्रवाह गरिनेछ र स्थानीय स्तरमै माटो परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१५ बाँदरबाट हुने कृषि क्षति न्यूनीकरण गर्न अध्ययन, अनुसन्धान, तालिम तथा आवश्यक औजार वितरण गरी ७ वटै वडामा बाँदर नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।

१६ प्राकृतिक प्रकोपबाट हुन जाने कृषिको क्षतिको मूल्याङ्कन गरी कृषक राहत कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७ स्थानीय उत्पादन प्रवर्द्धन तथा कृषकको आयआर्जन वृद्धि गर्ने उद्देश्यले तेल पेल्ने मिल र उखु मिल सञ्चालन वितरण गरिनेछ।

### (ग) जलश्रोत तथा सिँचाइ

१ स्थानीय सिँचाइ कुलोहरू निर्माण तथा सम्भार गरिनेछन्।

२ कृषि उत्पादन वृद्धि गर्न प्रत्येक वडामा कम्तीमा एक वटा सिंचाइ योजना सञ्चालन गरिनेछ।

३ कृषकहरूको सिंचाइ सुविधा विस्तार तथा कृषि उत्पादन वृद्धि गर्न आवश्यक पोलेथिन पाइप खरिद गरी आवश्यकता अनुसार वितरण गरिनेछ।

४ पानीका श्रोतको पहिचान तथा संरक्षण गरी सुख्खा क्षेत्रहरूमा सिँचाइ सुविधा पुऱ्याई उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि सिँचाइ पोखरी निर्माण गरिनेछ।

## (घ) पर्यटन विकास

१ गाउँपालिका क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको पहिचान, संरक्षण तथा प्रचार प्रसार गरी पर्यटन क्षेत्रमा विकास गरिनेछ।

२ अन्तर पालिकाहरू बीच समन्वय र सहकारिताका आधारमा पर्यटन पद मार्गहरूको अध्ययन र विकास गरिने साथै आठराई गाउँपालिकालाई मुन्धुम पदमार्गसँग जोड्न अध्ययन गरिनेछ।

३ धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदा एवं क्षेत्रहरूको संरक्षण एवं संवर्द्धनका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## (ङ) पशुपन्छी विकास

१ कृत्रिम गर्भाधानलाई प्रोत्साहन गर्दै नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२ उन्नत जातको पशुपन्छी व्यवसायीहरूलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था गरिनेछ। दुग्धजन्य व्यवसायलाई प्रोत्साहन गरिनेछ।

३ गाउँपालिका भित्रको कृषकहरू मध्येबाट उत्कृष्ट काम गर्नेलाई सम्मान कार्यक्रमको व्यवस्था मिलाइने छ।

४ गाउँपालिका भित्रका पशुमा लाग्ने विभिन्न रोगको परीक्षणका लागि पशु सेवा प्रयोगशाला सञ्चालन गरि नियमित रुपमा सेवा प्रवाह गरिनेछ।

५ कृषि तथा पशु बीमालाई प्रभावकारी रुपमा सञ्चालन गर्न शिविर सञ्चालन गरिनेछ।

६ पशुमा लाग्ने विभिन्न रोगहरूको निदान, उपचार र रोकथामको लागि पशु औषधिको व्यवस्थापन गरिनेछ।

७ रेबिज प्रकोपलाई नियन्त्रण गर्न सामुदायिक कुकुर बन्ध्याकरण शिविर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## (च) वनक्षेत्र विकास

१ सामुदायिक वन उपभोक्ता समितिहरू सँगको सहकार्यमा वनक्षेत्रलाई आयआर्जनको रुपमा विकास गर्न जडिबुटीजन्य तथा पर्यटन प्रवर्द्धन गर्ने बोट बिरुवाहरूको वृक्षारोपण गरिनेछ।

२ सामुदायिक बन क्षेत्रमा सामुदायिक वन उपभोक्ता समितिहरूको सहकार्यमा जैविक विविधता संरक्षण, वन्यजन्तु संरक्षण, जलाधार संरक्षण र आगलागी नियन्त्रणका लागि पानी पोखरीहरूको निर्माण गरिनेछ।

## (छ) भू-व्यवस्था

१ भूमिको वर्गीकरणका आधारमा भूसंरक्षण तथा भू - नीतिहरू लागू गरिनेछ।

२ भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई सङ्घीय सरकार तथा प्रदेश सरकारको सहकार्यमा जग्गा उपलब्ध गराइने छ।

३ बाढी पहिरो तथा भूक्षय नियन्त्रणका लागि विभिन्न निकायहरूसँगको समन्वयमा विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

## (ज) वित्तीय क्षेत्र विकास

१ स्थानीय राजश्व सङ्कलनका थप क्षेत्रहरू पहिचान गरिनेछ र करका दरहरूलाई समयानुकूल परिमार्जन गरिनेछ।

२ कर संकलनलाई प्रभावकारी र पारदर्शी बनाउन सबै संकलन केन्द्रहरूबाट अनलाइन प्रणालीमार्फत गर्ने व्यवस्था मिलाइनेछ।

३ बजारक्षेत्र भित्र सञ्चालित व्यवसायहरूको अनिवार्य दर्ता तथा नवीकरणको लागि बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ।

## (झ) सहकारी विकास

१ सहकारी संस्थाहरूको नियमन, प्रवर्द्धन र COPOMIS प्रणालीमा अनिवार्य अभिलेखीकरण गरिनेछ।

२ उत्कृष्ट सहकारी संस्थालाई पुरस्कृत एवं निष्क्रिय सहकारीहरूलाई खारेजीको प्रक्रियामा लगिनेछ।

३ सहकारी सङ्घसंस्थाहरूको क्षमता अभिवृद्धि गर्दै स्थानीय आय आर्जनका कार्यक्रम र पदाधिकारीहरूलाई तालिम सञ्चालन गरिनेछ।

**(ञ) रोजगार**

१ नियमित रुपमा बेरोजगार सूचीकृत गरिनेछ ।
२ डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी सरोकारवाला अभिमुखीकरण एवं प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
३ उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना, रोजगारी प्रत्याभूति, सीप विकास र पुनःएकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन (स्थानीय तहको शत प्रतिशत साझेदारी अनिवार्य) गरिनेछ ।
४ स्थानीय स्तरमा रोजगारी सिर्जना तथा उद्यमशीलता विकासका लागि लघु उद्यम साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।
५ देशभित्र रोजगारी सिर्जना गर्ने उद्देश्यले युवालाई लक्षित गरी ड्राइभिङ तालिम (Driving Training) सञ्चालन गरिनेछ ।
६ श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप सञ्चालन र श्रम स्वीकृति नियमित गरिनेछ ।
७ वैदेशिक रोजगार विभाग अन्तर्गत कल्याणकारी सेवा (श्रम स्वीकृति गरी वैदेशिक रोजगारीमा गएका श्रमिकको परिवारलाई) प्रवाह गरिनेछ ।
८ समुदायस्तरमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
९ सुरक्षित, मर्यादित तथा व्यवस्थित वैदेशिक रोजगारीका लागि निरन्तर सूचना, परामर्श तथा सहजीकरण सेवा प्रदान गरिनेछ ।

## सामाजिक विकास सम्बन्धी नीति

**(क) खानेपानी तथा सरसफाई**

१ स्वच्छ खानेपानीमा नागरिकको सहज पहुँचमा अभिवृद्धि गरिनेछ।
२ गाउँपालिकाका सबै वडामा खानेपानी व्यवस्थापनका लागि खानेपानी पाइप तथा ड्रम साझेदारीमार्फत अनुदानमा वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
३ गाउँपालिका अन्तर्गतका सबै वडामा रहेका खानेपानी तथा अन्य भौतिक पूर्वाधारका अधुरा योजनाहरूलाई प्राथमिकताका आधारमा सम्पन्न गरिनेछ ।
४ फोहोर मैला व्यवस्थापनका लागि नागरिक चेतना कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
५ बजार क्षेत्रमा ढल व्यवस्थापन गरिनेछ ।
६ बृहत् आठराई खानेपानी आयोजनालाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

**(ख) जनसङ्ख्या तथा बसाई सराई**

१ गाउँपालिकाबाट अन्यत्र बसाई सरी जानुको कारण पहिचान गरी निदानका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
२ बसाई सरी आउने नागरिकलाई प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।
३ युवा तथा किशोर किशोरी सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**(ग) भाषा तथा संस्कृती**

१ सांस्कृतिक सम्पदा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । सांस्कृतिक सम्पदा एवं बहु जातीय सङ्ग्रहालयहरुलाई सञ्चालन गरी क्रमश व्यवस्थापन गर्दै लगिनेछ ।
२ भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ।
३ परम्परागत जात्रा, पर्व, मेलाहरूको सञ्चालन र व्यवस्थापन गरिनेछ ।

**(घ) युवा तथा खेलकुद**

१ युवाहरूलाई सीप, उद्यमशीलता तथा नेतृत्व विकास कार्यक्रममा आबद्ध गरिनेछ ।
२ विद्यालय तथा समुदायस्तरमा खेलकुद गतिविधि विस्तार गरिनेछ ।
३ युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि प्रत्येक वडामा कम्तीमा एक खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।
४ राष्ट्रपति रनिङ शिल्ड तथा स्थानीय खेलकुद प्रतियोगिता (अध्यक्ष रनिङ कप आदि) व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।
५ आवश्यकता अनुसार गाउँपालिकाको यान्त्रिक उपकरण प्रयोग गरी खेल मैदान निर्माण तथा स्तरोन्नतिको कार्यलाई निरन्तरता दिइनेछ ।

## (ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१ गाउँपालिकालाई छुवाछुतमुक्त गाउँपालिका घोषणा गरिनेछ।

२ महिला, असहाय, अपाङ्गता भएका व्यक्ति, गरिब, दलित तथा विभेदमा परेका वर्गहरूको संरक्षण, सशक्तीकरण र समावेशी विकासका लागि विशेष कार्यक्रमसहित नमुना गाउँपालिका घोषणा गर्ने कार्य अगाडि बढाइनेछ।

३ विपन्न, दलित, अपाङ्गता भएका तथा महिलाहरूको लागि क्षमता विकास तथा सीपमूलक आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरी निरन्तरता दिइनेछ।

४ दलित समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरणका लागि सीप विकास तालिम तथा मागमा आधारित सामग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

५ महिलाहरूको क्षमता विकास, स्वरोजगार प्रवर्द्धन तथा आर्थिक सशक्तीकरणका लागि मागमा आधारित सीप विकास तालिम तथा सामग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

६ आठराई गाउँपालिका, कोशी प्रदेश सरकार र करुणा फाउण्डेसन नेपाल सँगको साझेदारीमा सञ्चालित "अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

७ महिला, बालबालिकाहरूमा हुनसक्ने घरेलु हिंसा, बालविवाह, साइबर अपराध लगायतका घटनाहरू न्यूनीकरण गर्न सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८ ज्येष्ठ नागरिकको अभिभावकत्वको आवश्यकता महसुस गर्दै ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

९ बालबालिका, अपाङ्गता भएका तथा सामाजिक बञ्चितिकरणमा परेकाहरूको पहिचान, संरक्षण तथा उद्धार कार्यक्रमहरू निरन्तरता दिइनेछ।

## (च) शिक्षा विकास

१ विद्यार्थीहरूसँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिनेछ।

२ विद्यालय शिक्षाको गुणस्तर सुधारलाई प्राथमिकता दिइनेछ। सिकाइ उपलब्धि मापन र सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

३ प्रारम्भिक बालविकास शिक्षालाई थप प्रभावकारी बनाइनेछ।

४ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिनेछ।

५ विद्यालयमा नियमित अनुगमन तथा शैक्षिक सुपरिवेक्षण प्रणाली सुदृढ गरिनेछ।

६ गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन हुने व्यवस्था क्रमशः मिलाइनेछ।

७ श्री मुलपानी आ.वि. लाई आवासीय विद्यालयमा परिणत गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

८ विद्यालयहरूमा अक्षयकोष स्थापना तथा दाताबाट प्राप्त अक्षयकोषको अभिलेखीकरण गरिनेछ।

९ विद्यालयको भौतिक एवं शैक्षिक पूर्वाधार निर्माणका लागि साझेदार संस्थाहरूसँग (जस्तै: Human Practice Foundation) साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१० स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष परिमार्जन गरी क्रमशः सबै कक्षाहरूमा लागू गर्दै लगिनेछ।

११ दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादनको प्रयोगलाई जोड दिइनेछ।

१२ बालबालिकाहरूको शैक्षिक उपलब्धि वृद्धि गर्न विद्यार्थीहरूको कार्य सञ्चयिकाको व्यवस्थापन गरिनेछ।

१३ सामुदायिक विद्यालयका शिक्षकको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धीका आधारमा उत्कृष्ट शिक्षक छनोट गरी प्रोत्साहन गरिनेछ।

१४ आठराई गाउँपालिका र रातो बङ्गाला साझेदारी कार्यक्रम मार्फत प्रारम्भिक बाल विकास र शिक्षालाई गुणस्तरीय बनाइनेछ।

१५ विभिन्न भाषाका स्वयंसेवक शिक्षकहरूको लागि प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ।

१६ कक्षा ८ र कक्षा १० मा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थीलाई पुरस्कृत गरिनेछ। असहाय, अनाथ, विपन्न तथा दलित विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनमा र तेह्रथुम बहुप्राविधिक शिक्षालयमा अध्ययनरत जेहनदार विद्यार्थीहरूलाई छात्रवृत्तिको कार्यक्रम निरन्तरता दिइनेछ।

१७ पालिकाभित्र सञ्चालित सामुदायिक माध्यमिक विद्यालय श्री त्रिमोहन माध्यमिक विद्यालयलाई नमुना माध्यमिक विद्यालयको रुपमा विकास गरिनेछ।

## (छ) स्वास्थ्य क्षेत्र

१ १५ शैयाको अस्पताल निर्माण कार्यलाई तीव्रता दिइनेछ।

२ प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुलाई व्यवस्थापन गर्दै यातायातको पहुँच सुनिश्चित गरिनेछ।
३ वृद्ध वृद्धाहरूको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै घरदैलोमै गई निःशुल्क स्वास्थ्य परीक्षण तथा आवश्यक औषधि वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
४ निःशुल्क वितरण हुने औषधीको गुणस्तर र उपलब्धता सुनिश्चित गरी गाउँपालिकाबाट सञ्चालनमा रहेको एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।
५ आयुर्वेद औषधालयलाई व्यवस्थापन गरी निःशुल्क आयुर्वेदिक औषधी वितरण गरिनेछ।
६ गाउँघर क्लिनिक, अल्ट्रा साउन्ड सेवा तथा घुम्ती स्वास्थ्य सेवा शिविर जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।
७ मातृ तथा नवजात शिशु कार्यक्रम, पोषण कार्यक्रम, स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।
८ स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाई प्राथमिक स्वास्थ्य केन्द्रबाट सञ्चालन गरिनेछ।
९ दीर्घ रोगीलाई राहत तथा उपचार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
१० स्वास्थ्य संस्थाहरूमा प्रयोगशाला सञ्चालन कार्यलाई गाउँपालिकाको कार्यालयबाट नै व्यवस्थापन तथा निगरानी गरिनेछ।
११ रेबिज विरुद्धको भ्याक्सिन स्वास्थ्य संस्थाहरूबाट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
१२ महिला स्वास्थ्य स्वयंसेविकाहरूको योगदानलाई सम्मान गर्न प्रोत्साहन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
१३ गाउँपालिकाभित्रका नागरिकहरूलाई आवश्यकतानुसार मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।
१४ मानसिक स्वास्थ्य प्रवर्द्धन, आत्महत्या रोकथाम तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम, योग शिविर लगायत मनोसामाजिक सेवा तथा मनोपरामर्श सेवा सञ्चालन गर्न गाउँपालिकाको मनोसामाजिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
१५ वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवार तथा सुरक्षित आप्रवासनसँग सम्बन्धित जोखिममा रहेका व्यक्तिहरूका लागि मनोसामाजिक परामर्श तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
१६ स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, शिक्षक तथा समुदायस्तरका सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**(ज) सामाजिक सुरक्षा तथा संरक्षण**

१ सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राहीको निरन्तर अद्यावधिक गरिनेछ। लाभग्राहीको कागजात र व्यक्तिगत घटना दर्ता सम्बन्धि अभिलेखलाई सहज रुपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ।
२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई सहज बनाउन बैंकिङ क्षेत्रसँग विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
३ चालु आ.व. को श्रावण १ गते देखि अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्रको आधारमा बायोमेट्रिक भेरिफिकेसन मार्फत सामाजिक सुरक्षा भत्ता नयाँ दर्ता तथा नवीकरण गर्ने व्यवस्था मिलाइनेछ।
४ व्यक्तिगत घटना दर्ता सम्बन्धि सचेतना कार्यक्रम गरिनेछ र पञ्जिकरण अभिलेखीकरण कार्यक्रमलाई व्यवस्थित गरिनेछ।
५ एकल पुरुषहरूको जीवन निर्वाह भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।
६ कोख देखि शोक सम्म कार्यक्रम अन्तर्गतको काजक्रिया तथा समवेदना खर्च वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
७ जिल्ला प्रशासन कार्यालयसँगको सहकार्यमा गाउँपालिका मार्फत राष्ट्रिय परिचय पत्र वितरण कार्य गरिनेछ।

## पूर्वाधार विकास सम्बन्धी नीति

**(क) ऊर्जा**

१ राष्ट्रिय प्रसारण लाइनको विद्युत नपुगेका क्षेत्रमा विद्युत् पुऱ्याउन पहल गरिनेछ र निर्माणाधीन सब-स्टेशन सञ्चालनमा ल्याइनेछ।
२ वैकल्पिक ऊर्जाको व्यवस्थापनमा सौर्य ऊर्जालाई विशेष जोड दिइनेछ र बजार क्षेत्रमा सडक बत्तीको लागि सौर्य ऊर्जा जडान गरिनेछ।

**(ख) भवन, आवास तथा सहरी विकास**

१ गाउँपालिकाको प्रशासनिक भवन निर्माणलाई तोकिएको समयमै सम्पन्न गरिनेछ।
२ सुरक्षित नागरिक आवास कार्यक्रमलाई व्यवस्थित बनाउँदै आठराई गाउँपालिकालाई फुसको छानो मुक्त बनाइनेछ।
३ बजार क्षेत्रका घरहरू अभिलेखीकरण गर्ने र नयाँ भवन निर्माण गर्दा अनिवार्य नक्सा पास गर्नुपर्ने व्यवस्था गरिनेछ।
४ बहुउद्देश्यीय सार्वजनिक तथा सामुदायिक भवनहरूको निर्माण गरिनेछ।
५ ऐतिहासिक मठ मन्दिर, पाटी पौवा तथा धर्मशालाहरूको संरक्षण तथा पुनर्निर्माण गरिनेछ।

६ सङ्घीय तथा प्रदेश सरकारको सहकार्यमा निर्माणाधीन अधुरा भवनहरूको निर्माण सम्पन्न गरिनेछ।

## (ग) यातायात पूर्वाधार

१ ग्रामीण सडक, कृषि सडकलाई यान्त्रिक उपकरणको प्रयोग गरी बाह्रै महिना सञ्चालन हुने गरी स्तरोन्नति तथा मर्मत सम्भार गरिनेछ।
२ पुराना झोलुङ्गे पुलको मर्मत सम्भार तथा नयाँ स्थापना गरिनेछ।
३ ग्रामीण जनताको यातायातमा पहुँच कायम गर्न आठराई नगर बस सञ्चालनमा ल्याइनेछ।
४ सबै वडाका केन्द्रसम्म कालोपत्रे सडक पुऱ्याउन पहल गरिनेछ।

## (घ) सञ्चार तथा सूचना प्रविधि

आधुनिक सूचना तथा सञ्चार प्रविधि (ICT), कृत्रिम बुद्धिमत्ता (AI) तथा डिजिटल नवप्रवर्तनको प्रयोगमार्फत पालिकालाई डिजिटल, पारदर्शी, सेवा–मैत्री र स्मार्ट स्थानीय सरकारको रूपमा विकास गर्नका लागि डिजिटल साक्षरता, तालिम तथा मानव संशाधन विकास,शिक्षा क्षेत्रमा डिजिटल रुपान्तरण, डिजिटल प्रशासन तथा सेवा प्रवाह, स्मार्ट प्रणाली तथा डाटा व्यवस्थापन, स्मार्ट पूर्वाधार तथा प्रविधि विस्तार स्मार्ट शासन तथा नवप्रवर्तनका कार्यक्रम लागू तथा सम्भाव्यताका लागि अध्ययन गरिनेछ।

## (ङ) प्राविधिक तथा खरिद व्यवस्थापन

१ सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को प्रणाली, ऐन, नियम तथा प्रक्रियासम्बन्धी तालिम/अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
२ पालिका तथा सम्बन्धित शाखाका कर्मचारीहरूको सार्वजनिक खरिद प्रक्रिया सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
३ सार्वजनिक खरिद प्रणालीलाई डिजिटल तथा प्रणालीगत (System Based) रूपमा सञ्चालन गर्न आवश्यक सफ्टवेयर, प्रविधि तथा संरचना विकास गरिनेछ।
४ खरिद कार्यमा संलग्न शाखा तथा कर्मचारीहरूबीच समन्वय, जिम्मेवारी निर्धारण तथा कार्यसम्पादन प्रभावकारिता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
५ विकास निर्माण कार्यको नापजाँच, डिजाइन, अनुगमन तथा गुणस्तर नियन्त्रणलाई प्रभावकारी बनाउन टोटल स्टेशन, लेभल मेसिन लगायतका सर्वेक्षण उपकरण खरिद गरिनेछ।

## सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सम्बन्धी नीति

१ गाउँपालिकाबाट सञ्चालन हुने योजना तथा परियोजनाको अनुगमन मूल्याङ्कन कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।
२ स्थानीय तहको अधिकारका क्षेत्रहरूमा आवश्यक कानून तथा नीति निर्माण गरी कार्यान्वयन गर्दै लगिनेछ।
३ न्यायिक समितिबाट सम्पादन हुने न्यायिक कार्यहरूलाई व्यवस्थित गरिनेछ।
४ गरिबी निवारणका लागि रोजगारी सिर्जनाका कार्यक्रमहरू लागू गरिनेछन्।
५ विपद् पूर्व तयारी, विपद् प्रतिकार्य तथा विपद् पश्चात्को पुनर्स्थापना जस्ता कार्यका लागि "जहाँ विपद् त्यहाँ स्थानीय सरकार" कार्यक्रम कार्यान्वयन गरिनेछ।
६ Mountain Disaster Warning and Reporting System स्थापना गरिनेछ।
७ विपदको जोखिम आङ्कलन गर्न विपद जोखिम क्षेत्रको नक्साङ्कन, स्थानान्तरण र विपदको पूर्व तयारी गर्ने कामलाई विशेष प्राथमिकता दिनुका साथै आपतकालीन उद्धार तथा राहत कोषको व्यवस्था गरिनेछ।
८ गाउँपालिकाबाट प्रदान हुने सेवा प्रवाहलाई छिटो छरितो र सहज रूपमा सम्पादन गरी व्यवस्थापन गरिनेछ।
९ प्रशासकीय तथा वित्तीय सुशासनमा पारदर्शिता हुने गरी हरेक महिना खर्च विवरण सहितको मासिक प्रगति विवरण वेबसाइटमा राख्ने व्यवस्था मिलाइनेछ।
१० स्थानीय उत्पादन र उत्पादकत्वको अधिकतम प्रयोग तथा स्थानीय व्यापार व्यवसायलाई जोड दिइनेछ।
११ कर्मचारीको मनोबल उच्च बनाउन तथा गुणस्तरीय सेवा प्रवाह गर्न कर्मचारी पुरस्कार तथा कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्थापन गरिनेछ।
१२ प्रविधि मैत्री तथा समतामूलक नागरिक बडापत्रको व्यवस्थापन गरी सेवाग्राही मैत्री प्रशासन निर्माण गरिनेछ।
१३ वित्तीय सुशासन एवं पारदर्शिता कायम गर्न खरिद तथा निर्माण कार्यको ठेक्का बन्दोबस्त गर्दा इ-बिडिङ्ग (E-Bidding) को माध्यमबाट गरिनेछ।
१४ आवश्यकताको आधारमा गाउँपालिका र अन्तर्गतका कार्यालय एवं सामुदायिक सिकाइ केन्द्रहरूमा दरबन्दी थपघट तथा मिलान गरिनेछ

१५ टोल विकास संस्थाहरुलाई जिम्मेवार तथा चलायमान बनाइनेछ।

**यान्त्रिक उपकरण संचालन सम्बन्धी नीति**

१ गाउँपालिकाको स्वामित्वमा रहेका एक्स्काभेटर, ब्याक हो लोडर र ट्याक्टरहरू सञ्चालनका लागि तयार गरिएको कार्यविधि बमोजिम गाउँपालिका क्षेत्र भित्रका सडक, खेलमैदान तथा सिँचाई पोखरी जस्ता निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

आदरणीय महानुभावहरु,

अन्त्यमा,

नीति कार्यक्रम तर्जुमा कार्यमा अहोरात्र खटिनुहुने श्रद्धेय अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पुर्ण वडाअध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, वजेट तथा कार्यक्रम तर्जुमा समितका सदस्यज्यूहरु, राजस्व परामर्श समितिका सदस्यज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका अध्यक्ष एवं सदस्यज्यूहरु, विषयगत शाखाका प्रमुखज्यूहरु, वडा सचिवज्यूहरु, सम्पुर्ण राष्ट्रसेवक कर्मचारीज्युहरु, लगायत नीति कार्यक्रम तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्षरुपमा सहयोग गर्नुहुने भद्र भलाद्मी, बुद्धिजिवी तथा सम्पूर्ण आठराईबासी जनतामा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**प्रस्तुतकर्ता**

बलिराज ईङ्नाम

उपाध्यक्ष

आठराई गाउँपालिका तेहथुम

२०८३/०३/१०